प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## आवेदन फाराम भर्ने सम्बन्धमा परीक्षा नियन्त्रण कार्यालयको सरोकारवालाहरुलाई अपील !

(सूचना प्रकाशित मिति २०७८।०५।१३ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयको मिति २०७८।०४।३० गतेको डिप्लोमा तथा प्रमाणपत्र तहको भर्ना प्रकृयाका लागि र मिति २०७८।०५।०२ गतेको प्रि-डिप्लोमा तहको भर्ना प्रकृयाका लागि पुर्ण शुल्कीय तथा बर्गीकृत (नि:शुल्क) छात्रबृत्ति तर्फ आवेदन फाराम भर्नका लागि गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी आवेदन आव्हान गरिएको र सो अनुसार आवेदन फाराम भर्ने प्रकृया चालु रहेको । बर्गीकृत (नि:शुल्क) छात्रबृत्तिको हकमा Online Application Form भर्नुपर्ने अनिवार्य व्यवस्था गरेको र पुर्ण शुल्कीय तर्फको हकमा सम्वन्धित शिक्षण संस्थामा बिद्युतीय माध्यमबाट आवेदन फाराम भर्ने कार्य भैरहेकोमा केही व्यक्ति वा समूहहरुले Online Application Form भर्न सहजीकरण गर्ने बहानामा भर्ना प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराएको जानकारी हुन आएकाले कोही कसैको अनुचित प्रभावमा नपरी त्यसप्रति पूर्ण सचेत रहन सम्वन्धित बिद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । भर्ना सम्वन्धी निर्देशिका अनुसार प्राप्तांक सहितको नतिजा सम्वन्धित परिषद्, प्रदेश कार्यालयबाट प्रकाशन हुने र कोही कसैको भनसुन वा प्रभाव नपर्ने व्यहोरा समेत सम्वन्धित सरोकारवाला सवैलाई अपील गरिएको छ ।

साथै भर्ना सम्वन्धी जानकारी आवश्यक परेमा आफुले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा परिषद्का प्रदेश कार्यालयहरुमा र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन समेत सूचित गरिन्छ ।

यो सूचना www.ctevtexam.org.np मा उपलब्ध हुनेछ ।

**परीक्षा नियन्त्रक**